# सम्पादकीय

सरस्वती नः सुभगा मयस्करत्

विद्याकी अधिष्ठात्री देवी सरस्वतीको वासस्थानलाई अभिधागत सन्दर्भमा सरस्वतीसदन भनिन्छ । यही शब्दको प्रतीकात्मक अर्थ आउने गरी उच्चतहको शिक्षा दिने उद्देश्य राखेर स्थापना गरिएको नेपालकै पहिलो कलेज त्रि-चन्द्र कलेजका आफ्ना भवनमध्ये पुरानो भवनको नाम पनि सरस्वतीसदन राखिएको छ । यो भवनलाई नेपालमै आधुनिक प्रविधि (आर.सी.सी.) बाट बनाइएको पहिलो भवन मानिन्छ । यस भवनको माथि अहिले पनि सरस्वतीसदन वि. सं २००२ साल भनी अङ्कित गरिएको देख्न सकिन्छ । यसै भवनमा अहिले पनि क्याम्पस प्रमुख कक्ष, सहायक क्याम्पस प्रमुख कक्ष, प्रशासन शाखा, लेखा शाखा, पुस्तकालय, विद्यार्थी भर्ना, प्राथमिक उपचार कक्ष तथा केही शैक्षणिक कक्षहरू रहेका छन् । यही सरस्वतीको वासस्थान तथा त्रि-चन्द्र ब. क्याम्पसको मुख्य भवनकै अर्थको सापेक्षतामा नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम त्रि-चन्द्र ब. क्याम्पसबाट २०७६ सालबाट अर्धवार्षिक रूपमा प्रकाशन गर्न लागिएको विज्ञसमीक्षित जर्नलको नाम पनि सरस्वतीसदन राखिएको छ । जसरी आज उच्चशिक्षाका सन्दर्भमा त्रि-चन्द्र बहुमुखी क्याम्पस तथा भवनका सन्दर्भमा सरस्वतीसदन ऐतिहासिक धरोहर मानिन्छन् त्यसरी नै सरस्वतीसदन नामक प्रस्तुत विज्ञसमीक्षित जर्नल पनि ऐतिहासिक र गरिमामय रहोस् भन्ने कामना नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रमले गरेको छ ।

कुनै पनि कामलाई निरन्तरता प्रदान गर्न वा त्यसलाई सम्पन्न गर्न आन्तरिक प्रेरणाको आवश्यकता पर्छ । आन्तरिक प्रेरणाका स्रोत पनि अनेकौँ हुन सक्छन् । त्यसमध्ये नयाँ नयाँ ज्ञान लिन चाहने र आफूले प्राप्त गरेको ज्ञान अरूलाई सम्प्रेषण गर्ने उत्प्रेरणालाई मूर्त रूप दिने लालसाबाट उत्प्रेरित भएर सरस्वतीसदन नामक विज्ञसमीक्षित जर्नलको प्रकाशन थालिएको यसअघि नै बताइसकिएको विज्ञजनलाई अवगत नै छ । त्यसैक्रममा हालसम्म विज्ञसमीक्षित सरस्वतीसदन जर्नलका ६ वटा अङ्क प्रकाशित भइसकेका छन् । यो ७ औँ र ८ औँ गरी संयुक्ताङ्क भौतिक (प्रिन्ट) र अभौतिक (नेप्जोल) मार्फत प्रकाशन गर्न लागिएको छ । त्यसैले भौतिक रूपका पत्रिकाका पाठकका अतिरिक्त नवीन पद्धतिसँग परिचित देशविदेशमा रहेका पाठकका लागि नेप्जोलमार्फत अनलाइनमै सरस्वतीसदन सहज प्राप्य हुने छ । जसले गर्दा प्रकाशन हुनासाथ साथमा सरस्वतीसदन हुनाले यसका पाठकले यसको भरपुर प्रयोग गर्नेमा हामी आशावादी भएका छौँ । यसैबिच अर्धवार्षिक जर्नलका रूपमा प्रकाशन हुँदै आएको यो जर्नल कतिपय कारणले केही समय ढिला हुन गएकाले समयको मिलानका लागि सरस्वतीसदनको यस अङ्कलाई ७ औँ र ८ औँ को संयुक्ताङ्कका रूपमा प्रकाशन गरिएको छ । यसबाट सरस्वतीसदनका पाठक एवम् लेखकहरूलाई पर्न गएको असुविधाप्रति हामी क्षमाप्रार्थी छौँ । आगामी अङ्कहरू नियमित रूपमा प्रकाशित हुँदै जाउन् भन्ने अपेक्षा हजुरहरूले जस्तै हामीले पनि गरेको सविनय जानकारी गराउन चाहन्छौँ ।

त्रि-चन्द्र बहुमुखी क्याम्पसले राष्ट्रको शैक्षिक उन्नयनमा ऐतिहासिक रूपमा महत्त्वपूर्ण भूमिका खेलेको सबैलाई अवगत भएकै कुरा हो । त्यसैले यसको संरक्षण र संवर्धनमा पनि राष्ट्रले विशेष ध्यान दिनुपर्नेमा सो हुन

नसक्दा हाल क्याम्पसको आर्थिक अवस्था कमजोर छ। यस्तो परिस्थितिमा इतिहास रच्दै यस क्याम्पसले हाल महिलाबाट क्याम्पस प्रमुख हुने अवसर पाएको छ। नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम हालसालै नियुक्त हुनुभएकी क्याम्पस प्रमुख श्री प्रा. डा. नीलम श्रेष्ठलाई हार्दिक बधाई दिँदै उहाँको सफल कार्यकालका लागि शुभकामना प्रकट गर्दछ। साथै यसअघि जस्तै त्रि-चन्द्र बहुमुखी क्याम्पसबाट नेपाली भाषा, साहित्य तथा लोकसाहित्यका विविध विधाको अध्ययन/अनुसन्धान तथा प्राध्यापकको प्राज्ञिक उन्नयनका लागि नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रमबाट प्रकाशित हुने यस सरस्वतीसदन विज्ञसमीक्षित जर्नलको प्रकाशनका लागि सहयोग प्राप्त हुने नै छ भन्ने विश्वास राख्छ।

अन्तमा हालसालै नियुक्त हुनुभए पनि यस प्रकारका सिर्जनात्मक कार्यको महत्ता बुझ्नुभएकी क्याम्पस प्रमुखले नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रमको प्राज्ञिक कार्यमा हमेसा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएकामा क्याम्पस प्रमुखज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौँ। यस्तै हाम्रो आग्रहलाई स्वीकार गरेर आफ्ना अनुसन्धानमूलक लेख पठाइदिने विद्वान् लेखकहरू तथा प्राप्त लेखलाई मूल्याङ्कन गरी महत्त्वपूर्ण सुझाव प्रदान गरी जर्नलका स्तरीय बनाउन सहयोग गर्नुहुने विषयविज्ञहरूप्रति हामी विशेष आभारी छौँ। जसका कारणले यो जर्नल यस रूपमा आउन सकेको कुरामा हामी विश्वस्त छौँ। यसका साथै यसको टाइपिङ, सेटिङमा सहयोग गर्नुहुने सन्तोष भट्ट तथा यसको प्रकाशनको जिम्मेवारी लिने सोपान प्रेसलाई हार्दिक धन्यवाद दिन्छौँ। यसका अतिरिक्त यस जर्नललाई नेप्जोलमा लान सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय तथा परिवारलाई पनि कृतज्ञता प्रकट गर्दछौँ। यो अङ्कलाई पनि अन्य अङ्कमा जस्तै रचनात्मक सुझावको अपेक्षा विज्ञजनबाट लिएको दोहोऱ्याउँछौँ।

सम्पादक मण्डल